# स्थानीय राजपत्र


ककनी गाउँपालिका, नुवाकोटद्वारा प्रकाशित

| खण्ड ८ | संख्या ३ | मितिः २०८१/०९/२९ |
|---|---|---|


## भाग १

### ककनी गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) बमोजिम गाउँसभाबाट जारी भएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्वत् २०८१ सालको ऐन संख्या ३

# ककनी गाउँपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धी ऐन, २०८१

**प्रस्तावना**

निजी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारीको माध्यमबाट शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास, रोजगारी, आयआर्जनको अवसर, पूर्वाधार निर्माण, विपत् व्यवस्थापन तथा जलवायु परिवर्तन, खानेपानी तथा सरसफाई, वन तथा वातावरण संरक्षण, संस्थागत विकास तथा सुशासन, सहकारी संस्थाहरुको

सवलीकरण तथा स्थानीय उत्पादनको बजारीकरण लगायतका कार्यक्रमका लागि साझेदारीको माध्यमबाट सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वशुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले ककनी गाउँपालिकाले यो ऐन बनाएको छ।

नेपालको संविधानको धारा २२६ मा उल्लेख भए अनुसार गाउँ सभाले अनुसूची ८ बमोजिमको सूचीमा उल्लिखित विषयमा आवश्यक कानुन बनाउन सक्ने व्यवस्था गरेको रउक्त सूचीमा "स्थानीय स्तरको विकास योजना र परियोजनाहरु" को अधिकार समावेश गरिएको छ। साथैस्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) बमोजिम गाउँसभाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन सक्ने अधिकारको प्रयोग गरी ककनी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "ककनी गाउँपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धी ऐन, २०८१" रहेको छ।

(२) यो ऐन गाउँसभाले पारित गरी स्थानिय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ।

(३) यो ऐन ककनी गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "गाउँपालिका" भन्नाले ककनी गाउँपालिकालाई सम्झनुपर्छ।

(ख) "अध्यक्ष" भन्नाले ककनी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(ग) "उपाध्यक्ष" भन्नाले ककनी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ककनी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ङ) "कार्यक्रम" भन्नाले यस ऐनको दफा ३ बमोजिम ककनी गाउँपालिकासँग साझेदारीमा सञ्चालन गरिने कार्यक्रम सम्झनुपर्छ।

(च) "लाभग्राही" भन्नाले यस ऐन बमोजिमको सेवा सुविधा उपभोग गर्ने व्यक्ति तथा समुदायलाई सम्झनु पर्छ।

(छ) "प्रस्तावक" भन्नाले दफा ५ बमोजिम गाउँपालिकासँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्नका लागि प्रस्तावना पेश गर्ने वा आवेदन दिने व्यक्ति, कम्पनी, फर्म, राष्ट्रिय गैरसरकारी संस्था, सामुदायिक संस्था, सहकारी, अन्य संघ संस्थालाई सम्झनुपर्छ।

(ज) "स्थानीय सरकार" भन्नाले ककनी गाउँपालिकालाई सम्झनु पर्छ।

(झ) "सम्झौता" भन्नाले कार्यक्रम कार्यान्वयन गर्न दफा ८ बमोजिम गाउँपालिकाले प्रस्तावकसँग गरेको साझेदारी सम्झौता सम्झनु पर्छ।

(ञ) "साझेदारी" भन्नाले साझेदारीको अवधारणा अनुरुप कुनै पनि कार्यक्रमको तर्जुमा, सञ्चालन तथा व्यवस्थापनका साथै आँशिक वा पूर्ण रुपमा वित्तीय लगानी गर्ने गरी यस गाउँपालिका र साझेदारबीच भएको करारीय प्रबन्ध सम्झनु पर्छ।

(ट) "साझेदार" भन्नाले यस गाउँपालिकासँग साझेदारी गरी दफा ३ बमोजिमको कार्यक्रम सञ्चालन गर्नका लागि दफा ८ बमोजिम सम्झौता गर्ने प्रस्तावक सम्झनुपर्छ।

(ठ) "तोकिएका" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि वा निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ड) "गाउँसभा" भन्नाले गाउँपालिकाको सभा सम्झनुपर्दछ।

(ढ) "कार्यपालिका" भन्नाले गाउँकार्यपालिका सम्झनुपर्दछ।

## परिच्छेद २

## कार्यक्रमको पहिचान तथा स्वीकृति

३. **साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेः**

(क) यस गाउँपालिकासँग मिलेर अल्पकालीन तथा दीर्घकालिन समयावधिको लागि लागत तथा प्राविधिक साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(ख) यस ऐन बमोजिम सञ्चालन हुने कार्यक्रम गाउँवासीको जीवनस्तरमा सुधार ल्याउने, रोजगारी सृजना गर्ने तथा गरिबी निवारण गर्न उन्मुख हुनुपर्ने छ।

(ग) गाउँपालिकाले सञ्चालन गर्ने कार्यमा लागत न्यूनीकरण गरी भौतिक, आर्थिक तथा मानव स्रोत र साधनको अधिकतम उपयोग र प्रभावकारी परिचालन गर्ने।

(घ) साझेदारीमा कार्यक्रम सञ्चालन गर्नका लागि पहिचान भएका क्षेत्रहरुमा आवश्यक थप विषयगत प्राविधिक दक्षता भएका साझेदारसँग सहकार्य गर्ने।

(ङ) वृहत पूर्वाधार र ठूला आयोजनाको लागि स्रोत सुनिश्चित गर्ने।

(च) असल अभ्यास र अनुभवहरुको आदान प्रदान गर्ने।

साझेदारीमा सञ्चालन गरिने कार्यक्रमको विषयगत क्षेत्र यस गाउँपालिकाले कार्यविधि बनाएर तय गर्नेछ।

४. **साझेदारीमा सञ्चालन गरिने कार्यक्रममा देहायका विशेषताहरु हुनुपर्ने छ।**

(क) साझेदारले कम्तीमा २५ प्रतिशत लागत साझेदारी गरेको,

(ख) साझेदारलाई दिगो सामुदायिक विकास कार्यक्रम, पूर्वाधार विकास तथा मर्मत लगायतका कार्यहरु गर्ने गरी जिम्मेवारी दिईएको वा व्यवस्थापनका लागि सम्झौता भएको,

(ग) योजना तथा कार्यक्रमको कार्यान्वयन अवधि स्पष्ट भएको ।

**५. कार्यक्रम पहिचान तथा कार्यान्वयनका लागि प्रस्ताव आह्वान प्रकृयाः**

(१) ककनी गाउँपालिकाले यस ऐन बमोजिम गाउँसभाले स्वीकृत गरेका वा कार्यपालिकाले आवश्यकता महशुस गरेका एक वर्षीय वा दीर्घकालीन योजना तथा कार्यक्कमहरु, जसको कार्यन्वयनका लागि साझेदारको लागत तथा प्राविधिक सहयोग आवश्यकता पर्दछ, ती कार्यक्रमहरुको पहिचान गर्नेछ ।

(२) गाउँपालिकाले स्वीकृत साझेदारी कार्यक्रम कार्यान्वयनका लागि सार्वजनिक सूचना प्रकाशन गरी आशय पत्र आह्वान गर्नुपर्नेछ । आशय पत्रको सूचनामा देहायका विवरण खुलाउनुपर्नेछः

क) आशयपत्र पेश गर्ने कार्यालय वा निकाय,

ख) आशयपत्र पेश गर्ने अवधि,

ग) आशयपत्रमा खुलाउनु पर्ने विवरण,

घ) आशयपत्र साथ संलग्न गर्नु पर्ने कागजातहरु,

ङ) प्रस्तावकको प्राविधिक तथा आर्थिक क्षमता

च) तोकिए बमोजिमका अन्य विवरण ।

(३) संक्षिप्त सूची तयार पार्ने : उप-दफा २ बमोजिम आशय पत्र प्राप्त भएपछि पर्न आएका आशयदाताको योग्यता, अनुभव र क्षमता समेत मूल्यांकन गरी गाउँपालिकाले आशयपत्रदाताको छनौट गरी तोकिएका प्रक्रिया बमोजिम प्रस्तावकहरुको संक्षिप्त सूची तयार गर्नुपर्नेछ । छनौटका आधारहरु देहाय बमोजिम हुनेछन्ः

क. आशयपत्रदाताले पेश गर्ने संस्थाको दर्ता, नवीकरण, करचुक्ता, कार्यानुभव पत्र, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा), आशयपत्रका साथ पेश गरेको हुनु पर्नेछ।

ख. आशयपत्रमा उल्लेख गरिएको कार्यक्रमको विषयगत क्षेत्रमा कम्तीमा एक वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ।

ग. साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र पेश गरेको हुनु पर्नेछ।

घ. छनोट सम्बन्धी अन्य आधारहरु तोकिए बमोजिम हुनेछ।

(४) प्रस्ताव आह्वान गर्नेः सूचीमा परेका प्रस्तावकहरुसँग तोकिए बमोजिमका विषयहरु खुलाई सूचनामा उल्लिखित अवधिभित्र तोकिएको ढाँचामा प्रस्ताव आह्वानको लागि सूचना प्रकाशित गर्नेछ।

(५) प्रस्ताव आह्वानको सूचनाको ढाँचा, आवेदन पत्र तथा प्रस्तावको ढाँचा तोकिए बमोजिम हुनेछ।

(६) प्रस्ताव छनौटः पालिकाले तोकिए बमोजिमको मूल्यांकन समिति गठन गरी तोकिएका अवधिभित्र तोकिएको प्राविधिक तथा आर्थिक मूल्यांकनका आधारमा प्रस्ताव छनौट गर्नुपर्नेछ।

६. **कार्यक्रमको कार्यान्वयन तथा व्यवस्थापन**ः

(१) ककनी गाउँपालिकाले यस ऐन बमोजिम कार्यक्रमको व्यवस्थापन, समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्नको लागि विभिन्न समिति, उप-समिति तथा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन गरिएका समिति, उप-समिति तथा कार्यदलका पदाधिकारी, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) अनुदान उपलब्ध गराउन सकिनेः कार्यक्रम कार्यान्वयनको क्रममा गाउँपालिकाले आवश्यक नियम, कार्यविधि, निर्देशिका वा मापदण्ड बनाई अनुदान उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद –३

## साझेदारी सम्झौता सम्बन्धी व्यवस्था

७. **सम्झौता गर्नेः**

(१) गाउँपालिकाले दफा ५ को उपदफा (६) मा उल्लेख भएको मूल्यांकन समितिको सिफारिश बमोजिम प्रस्तावकसँग आवश्यकता अनुसार वार्ता गरी साझेदारी सम्झौता गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको सम्झौताको ढाँचा सम्झौता गर्ने पक्षहरुले कार्यान्वयन गर्न लागिएको कार्यक्रमको आवश्यकता अनुसार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–४

## साझेदारी कार्यक्रमको वित्तीय व्यवस्थापन, प्रगति प्रतिवेदन तथा भुक्तानी

८. **वित्तीय व्यवस्थापन, प्रगति प्रतिवेदन तथा भुक्तानी**

(१) यस गाउँपालिकाको कार्यक्रममा टेवा पुऱ्याउने उद्देश्यले साझेदारीमा आएका साझेदारहरुलाई कार्यक्रम सञ्चालन गर्नका निम्ति तोकिए बमोजिम पेश्की उपलब्ध गराउन सकिनेछ । यसरी गाउँपालिकासँग

साझेदारीमा आउने साझेदारलाई कार्यक्रम सञ्चालन गर्नको लागि पेश्की प्रदान गर्दा साझेदारले गर्ने लागत तथा प्राविधिक वा दुवै सहभागिताको स्तर र साझेदारको संलग्नताको उद्देश्य आर्थिक प्रतिफल प्राप्त गर्ने रहे नरहेको विचार गरी पेश्की जमानत आवश्यक नपर्ने गरी व्यवस्था गर्न सकिनेछ। पेश्की जमानत आवश्यक हुने नहुने व्यहोरा प्रस्तावमा उल्लेख गर्नुपर्नेछ।

(२) साझेदारी कार्यक्रमको प्रकृति र आवश्यकता अनुसार भौतिक तथा वित्तीय प्रगती प्रतिवेदनतथा बिल भर्पाइ सम्झौतामा तोकिए बमोजिमको ढाँचा र समयमा पेश गर्नुपर्नेछ।

(३) साझेदारी कार्यक्रमको भुक्तानी गर्ने समय तथा प्रकृयादफा ७ अनुसार सम्पन्न गरिएको साझेदारी सम्झौता पत्रमा तोकिए बमोजिम हुनेछ।

(४) कुनै साझेदार संस्था वा व्यक्तिले यस ऐन अन्तरगत प्रदान गरिएको पेश्की रकमबाट खर्च गरि सो को सक्कल बिल, भरपाई तथा अन्य कागजातहरु गाउँपालिकालाई नै बुझाई पेश्की फछ्र्यौट गर्ने अवस्थामा त्यस प्रकारको खर्च गाउँपालिकाको स्वयंको खर्च हुने हुँदा यस्तो पेश्की रकममा अग्रीम कर (TDS) कट्टा गर्नुपर्ने छैन।

(५) बिल विजक जारी गर्ने सम्बन्धमा माथि उल्लेख भए बमोजिम कुनै व्यक्ति वा साझेदार संस्थाले सम्पूर्ण खर्चको बिल, भरपाई तथा अन्य कागजातहरु सक्कल नै गाउँपालिकालाई बुझाई खर्चको फछ्र्यौट गर्न पर्ने हकमा त्यस्ता व्यक्ति वा संस्थाले पुःन छुट्टै बिल विजक जारी गर्नु पर्नेछैन।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कनः** सम्झौता गरी कार्यक्रमको कार्यान्वयन गर्दा दफा ६(२) बमोजिम गठन भएका समिति, उप-समिति तथा कार्यदलले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछवा विषेशज्ञ मार्फत पनि गराउन सकिनेछ।

## परिच्छेद–५

## विविध

१०. **विवादको समाधानः**

(१) कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा गाउँपालिका र साझेदारबीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद आपसी समझदारीबाट ३० दिनभित्र समाधान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आपसी समझदारीबाट विवाद समाधान नभएको खण्डमा सम्झौतामा उल्लेख भएको हकमा सोही बमोजिम र उल्लेख नभएको अवस्थामा प्रचलित कानून बमोजिम हुनेछ।

११. **स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नु पर्नेः** साझेदारले कार्यक्रम कार्यान्वयनको सिलसिलामा सम्भव भएसम्म स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुकभित्र उत्पादन हुने वस्तु तथा सेवा उपयोग गर्नु पर्नेछ।

१२. **नियम बनाउने अधिकारः** यस ऐनमा व्यवस्था भएका प्रावधानहको कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियमबनाउन सक्नेछ।

१३. **कार्यविधि तथा निर्देशिका बनाउन सक्नेः** यस ऐनमा व्यवस्था भएका प्रावधानको कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ।

१४. **संशोधन तथा हेरफेरः** यस ऐनको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ।

१५. **बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्नेः** यस ऐनको कार्यन्वयनमा कुनै समस्या उत्पन्न भएमा बाधा अडकाउ फुकाउने र व्याख्या गर्ने अधिकार गाउँपालिकामा निहित हुनेछ।

**प्रमाणीकरण मितिः** २०८१।०९।२९

**आज्ञाले,**
**खम्बराज राई**
**प्रमुख प्रशासकीय अधिकृत**